# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) हेटौंडा, नेपाल, फागुन १७ गते, २०८० साल (सङ्ख्या ३५

## भाग ३

## बागमती प्रदेश सरकार

## उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

### मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः** औद्योगिक विकासका माध्यमले उद्यमीहरुलाई उद्यमशील कार्यमा उत्प्रेरित गर्न, औद्योगिक व्यवसायको प्रवर्द्धन, रोजगारीको सिर्जना, सीपमुलक कार्यमा उत्साह, परम्परागत हस्तकलाको दिगो विकास जस्ता कार्यलाई प्रोत्साहन गर्न, औद्योगिक उत्पादनलगायत हस्तकलाका वस्तुहरुलाई मेला,

महोत्सव तथा प्रदर्शनीका माध्यमले प्रचारप्रसार गरी औद्योगिक उत्पादनलाई बजारीकरणको लागि सहयोग गरी, उत्पादन बृद्धिलाई उत्प्रेरित गर्ने उद्देश्यले औद्योगिक मेला, महोत्सव, प्रदर्शनीलाई व्यवस्थित गर्न आवश्यक भएको र आ.व. २०८०।८१ को वार्षिक बजेटमा मेला, महोत्सव, प्रर्दशनीस्थल सम्बन्धी कार्यक्रमको लागि बजेट विनियोजन भएकोले कार्यक्रम कार्यान्वयनको लागि कार्यविधि बनाउन आवश्यक भएकोले,

प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, सम्झनुपर्छ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका कार्यक्रम सञ्चालन गर्न तोकिएको सरकारी कार्यालय सम्झनुपर्छ।

(ग) "स्थानीय तह" भन्नाले कार्यक्रम लागू हुने महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाँउपालिका सम्झनुपर्छ।

(घ) "कार्यक्रम" भन्नाले मन्त्रालय वा कार्यालयमा स्वीकृत वार्षिक प्रदेशस्तरीय औद्योगिक उपज प्रदर्शनी अन्तर्गत सञ्चालन गरिने कार्यक्रमलाई सम्झनुपर्छ।

(ङ) "सहयोग रकम" भन्नाले मेला, महोत्सव वा प्रदर्शनीका लागि संस्थालाई उपलब्ध गराइने रकमलाई सम्झनुपर्छ।

(च) "सङ्घसंस्था" भन्नाले कानूनी प्रक्रिया पूरा गरी नेपाल सरकारका विभिन्न निकायहरु वा प्रदेश सरकारका निकायहरु वा स्थानीय तह अन्तर्गतका अधिकार प्राप्त निकायहरु द्वारा विधिवत रुपमा दर्ता भई प्रमाण-पत्र प्राप्त तथा नवीकरण भएका सङ्घसंस्था, सङ्गठन, महासङ्घसमेत सम्झनुपर्छ।

(छ) "प्रस्ताव" भन्नाले औद्योगिक महोत्सव तथा प्रदर्शनीका लागि सहयोग रकम प्राप्त गर्नको लागि पेश गरेको कार्ययोजनासहितको आवेदन सम्झनुपर्छ।

(ज) "मेला, महोत्सव प्रदर्शनी" भन्नाले प्रदेश सरकार वा अन्तर्गतका निकायहरुले स्वीकृत वार्षिक कार्यक्रममा रहेका उद्योग, व्यवसाय, हस्तकला, लघु तथा घरेलु

उपजहरुको प्रवर्द्धन हुने प्रदर्शनी, मेला, सम्मेलन, महोत्सव तथा धार्मिक, साँस्कृतिक चाडकारुपमा गरिने र्‍याली, दिवस तथा समारोहसमेतलाई सम्झनुपर्छ।

## परिच्छेद-२

## मेला, महोत्सव, प्रदर्शनी प्रक्रिया

३. **मन्त्रालय वा कार्यालय आफैंले मेला, महोत्सव, प्रदर्शनी सञ्चालन गर्नेः** (१) मन्त्रालय वा कार्यालयले आवश्यकता, औचित्य र सम्भावनाको आधारमा औद्योगिक मेला, महोत्सव, प्रदर्शनी जस्ता कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्दा वार्षिक स्वीकृत बजेटको परिधिभित्र रही कार्यक्रम तथा क्रियाकलापहरुको लागत अनुमान खरिदसम्बन्धी प्रचलित कानूनबमोजिम सम्बन्धित कार्यालय प्रमुखबाट स्वीकृत गर्नुपर्नेछ।

(३) कार्यक्रम सञ्चालन तथा मेला, महोत्सव आयोजना गर्दा आवश्यकतानुसार आयोजक मूल व्यवस्थापन समिति तथा उपसमितिहरु गठन गरी सञ्चालन गर्न सकिनेछ।

(४) मन्त्रालय वा कार्यालयले औद्योगिक मेला, महोत्सव प्रदर्शनी कार्यक्रम सञ्चालन गर्न सम्वन्धित सरोकारवाला निकायहरुसँग समन्वय तथा सहलगानी/साझेदारी गर्न सक्नेछ।

४. **<u>अन्य सङ्घसंस्थाहरुको साझेदारीमा सञ्चालन हुने औद्योगिक मेला, महोत्सव प्रदर्शनी:</u>** (१) सम्बन्धित क्षेत्रका विभिन्न सङ्घसंस्थाहरुले आयोजना गर्ने औद्योगिक मेला, महोत्सव, प्रदर्शनी कार्यक्रममा मन्त्रालय वा कार्यालयले स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही देहायबमोजिमको रकम सहयोग गरी सह-आयोजकको रुपमा रहने गरी बजेट उपलब्ध गराउन सक्नेछ।

(क) स्थानीय तहस्तरमाः

(अ) गाउँपालिकाः ५० प्रतिशत सहलगानी/साझेदारी रकम वा बढीमा एक लाखसम्म,

(आ) नगरपालिका/उपमहानगरः ५० प्रतिशत सहलगानी/साझेदारी रकम वा बढीमा दुई लाखसम्म,

(इ) महानगरपालिकाः ५० प्रतिशत सहलगानी/साझेदारी रकम वा बढीमा तीन लाखसम्म,

(ख) जिल्लास्तरः ५० प्रतिशत सहलगानी/साझेदारी रकम वा बढीमा चार लाखसम्म,

(ग) प्रदेशस्तरः ५० प्रतिशत सहलगानी/साझेदारी रकम वा बढीमा छ लाखसम्म,

(घ) राष्ट्रियस्तरः ५० प्रतिशत सहलगानी/साझेदारी रकम वा बढीमा आठ लाखसम्म,

(ङ) अन्तर्राष्ट्रियस्तरः ५० प्रतिशत सहलगानी/साझेदारी रकम वा बढीमा पन्ध्र लाखसम्म,

तर यस खण्डबमोजिमको कार्यक्रम सञ्चालन प्रयोजनको लागि नेपाल सरकारको सम्बन्धित निकायबाट पूर्व स्वीकृत लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम विभिन्न सङ्घसंस्थाहरुले आयोजना गर्ने औद्योगिक मेला, महोत्सव, प्रदर्शनी कार्यक्रममा रकम सहयोगको लागि सम्बन्धित सङ्घसंस्थाले कार्यक्रम सञ्चालन गर्नुअघि कार्यक्रमको प्रस्तावसहित रकम सहयोगको लागि मन्त्रालय वा कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ। सम्बन्धित मन्त्रालय वा कार्यालयले स्वीकृत बजेटको परिधिभित्र रही के कति रकम कुन कुन शीर्षकमा खर्च गर्ने हो, सोही अनुसार प्रचलित खरिद कानूनबमोजिम दुई पक्षबीच सम्झौता गर्नुपर्नेछ।

(३) मन्त्रालय वा कार्यालयबाट सहयोग गरिने रकम मेला आयोजक संस्थाले स्टल उपयोग, उद्यमीलाई पुरस्कार, मेला, महोत्सव, प्रदर्शनी कार्यमा भएको खर्च, उक्त कार्यक्रमको प्रचारप्रसारलगायत मेला, महोत्सव, प्रदर्शनीको प्रवर्द्धन कार्यक्रममा खर्च गर्न सकिनेछ।

(४) मेला, महोत्सव, प्रदर्शनीको कार्यसम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदन, रीतपूर्वकका खर्चका बिल भरपाई, कार्य सञ्चालनस्थलको फोटोसहित रकम भुक्तानीका लागि मेला आयोजक

सङ्घसंस्थाले निवेदन पेश गरेमा सम्झौतामा उल्लेख भएअनुसार मन्त्रालय वा कार्यालयले नियमानुसार रकम भुक्तानी गर्नेछ।

## परिच्छेद-३

## विविध

५. **आवश्यक व्यवस्था मिलाउन सक्ने:** यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा परेमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

**आज्ञाले,**
**राजेन्द्र कुमार के.सी.**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-